**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०१ जनवरी २०२५

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड र प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ वर्ष २०२५ को अवसरमा जनतालाई शुभकामना दिनुभएको छ।

**२.** कोलकाता स्थित एक प्रतिष्ठित इन्जिनियरिङ कलेजमा अध्ययनरत एक छात्रालाई आफ्नै सहपाठीलाई दुष्कर्म गरेको आरोपमा पुलिसले पक्राउ गरेको छ।

**३.** तृणमूल कंग्रेसले आज पश्चिम बङ्गालमा आफ्नो २८ औँ स्थापना दिवस मनाएको छ।

**४.** जिटिए क्षेत्रका आम मानिसहरुले पनि नयाँ बर्षलाई भव्य स्वागत गर्नको निम्ति बिभिन्न मनोरन्जनत्मक आयोजनहरुमा अंशग्रहण गरे|

**५.** नयाँ वर्षको पहिलो दिन उत्तर बंगालका अन्य जिल्लाहरू जस्तै दार्जीलिङ र कालेबुङमा पनि जाड़ो बडेको छ।

**राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीको शुभकामना**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड र प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ वर्ष २०२५ को अवसरमा जनतालाई शुभकामना दिनुभएको छ। एक सोशल मिडिया पोस्टमा, राष्ट्रपति मुर्मुले उज्यालो भविष्य निर्माण गर्न नागरिकहरूसँग मिलेर काम गर्ने आफ्नो प्रतिबद्धता दोहोर्याउनुभयो। भारत र विश्वको लागि थप समावेशी र दिगो भविष्यको कामना पनि गर्नुभयो| उपराष्ट्रपति धनखरले नयाँ वर्षलाई देशको गणतन्त्र यात्रामा महत्वपूर्ण मोड भएको बताउनुभयो। उहाँले यो वर्ष हाम्रो संविधानको शताब्दीको अन्तिम चौमासिकमा प्रवेश गरेको उल्लेख गर्नुभयो|उहाँले अब २०४७ मा विकसित भारततर्फ अघि बढ्दै संविधान निर्माताको सोचलाई साकार पार्न आफूलाई पुनः समर्पण गर्ने समय आएको बताउनुभयो। नयाँ वर्षको उपलक्ष्यमा देशवासीको सुस्वास्थ्य र समृद्धिको कामना गर्दै प्रधानमन्त्री मोदीले नया वर्षले सबैको जीवनमा नयाँ अवसर, सफलता र असीम खुशी ल्याओस् भन्ने कामना गर्नुभयो|

****** ० ******

**कोलकाता इंजीनियरिंग कॉलेज - बलात्कार**

कोलकाता स्थित एक प्रतिष्ठित इन्जिनियरिङ कलेजमा अध्ययनरत एक छात्रालाई आफ्नै सहपाठीलाई बलात्कार गरेको आरोपमा पुलिसले पक्राउ गरेको छ । घटना २१ डिसेम्बर २०२४ मा दक्षिण कोलकाताको गार्फा क्षेत्रमा रहेको खाली फ्ल्याटमा भएको थियो, जुन आरोपीको साथीको थियो। पीडिता र उनका अभिभावकले दिएको उजुरी अनुसार आरोपितले पहिले उनलाई फ्ल्याटमा बोलाएका थिए । त्यहाँ उनले सफ्ट ड्रिंकमा रक्सी मिसाएर नशामा हालेर बलात्कार गरेका थिए । एक पुलिस अधिकारीका अनुसार पीडित महिलाले सुरुमा आघातको अवस्थाका कारण आफ्ना आमाबाबुलाई घटनाबारे बताएकी थिइनन् । यद्यपि, पछि उनले सम्पूर्ण घटनाको खुलासा गरिन्, त्यसपछि हिज राति गार्फा पुलिस स्टेशनमा उजुरी दर्ता गरिएको थियो। सोही रात पुलिसले अभियुक्तलाई सोधपुछका लागि बोलाएको थियो र रातभर सोधपुछ पछि उनलाई पक्राउ गरेको थियो । आरोपीलाई आज दिउँसो कोलकाताको ट्रायल कोर्टमा पेश गरियो| अभियुक्तका साथी फ्ल्याटका मालिकलाई पनि पुलिसले सोधपुछका लागि बोलाएको छ । जानकारी अनुसार घटना हुनुभन्दा केही महिनाअघि आरोपित र पीडिता बीच विवाद भएको थियो, जसका कारण उनीहरूले कुरा गर्न छाडेका थिए । यद्यपि, डिसेम्बरमा यी दुईबीच सामान्य कुराकानी सुरु भएको थियो । पश्चिम बङ्गाल हालैका महिनाहरूमा बलात्कार र हत्याका थुप्रै घटनाहरूका कारण नकारात्मक चर्चामा रहेको छ। यी मध्ये धेरै घटनामा पीडिताहरू नाबालिग थिए। गत

अगस्टमा आर.जी. कार मेडिकल कलेज र अस्पतालकी एक महिला जुनियर डाक्टरको अस्पताल परिसरमा बलात्कारपछि हत्या भएको छ। यस घटनाले राज्यमा महिलाको सुरक्षामा प्रश्न मात्र उठाएको छैन, कानून र व्यवस्थाको स्थितिमाथि पनि गम्भीर चिन्ता उत्पन्न गरेको छ।

****** ० ******

**तृणमूल कंग्रेस - स्थापना दिवस**

तृणमूल कंग्रेसले आज पश्चिम बङ्गालमा आफ्नो २८ औँ स्थापना दिवस मनाएको छ। सो अवसरमा पार्टी प्रमुख एवं मुख्यमन्त्री ममता ब्यानेर्जीले राज्यका जनताको अधिकारका लागि पार्टीको सङ्घर्ष जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । सन् १९९८ को जनवरी १ मा टीएमसीको स्थापना भएको स्मरण गर्दै ब्यानेर्जीले पार्टी आम जनताको हितका लागि प्रतिबद्ध रहेको बताउनु भयो । उहाले भन्नु भयो, 'सर्वप्रथम नयाँ वर्षको शुभकामना व्यक्त गर्न चाहन्छु । साथै आज हाम्रो पार्टीको स्थापना दिवस पनि हो । यस वर्षको स्थापना दिवसको अवसरमा मुख्यमन्त्रीद्वारा रचित अनि चर्चित गायक इन्द्रनील सेनले गाएको एउटा गीत पनि साझा गरियो । मुख्यमन्त्रीले बङ्गालका जनताको अधिकारको लागि लडाई जारी छ र जारी रहने बाचा गर्नु भयो । सोहि अवसरमा बोल्दै टीएमसीका राष्ट्रिय महासचिव तथा सांसद अभिषेक ब्यानेर्जीले पनि पार्टी कार्यकर्ताहरूलाई उनीहरूको समर्पण र बलिदानको लागि धन्यवाद दिनु भयो । पार्टीका वरिष्ठ नेताले पार्टी मुख्यालयमा झण्डा फहराएर शहीदप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए । कोलकाता र अन्य जिल्लाहरूमा सांस्कृतिक कार्यक्रम, र्‍याली र झण्डा फहराउने समारोहका साथ यो दिवस मनाइयो। उत्तर २४ परगना, नादिया र पुरुलिया जस्ता जिल्लाहरूमा परम्परागत नृत्य, मिठाइ वितरण र भविष्यका लागि पार्टीको दृष्टिकोणबारे छलफल जस्ता कार्यक्रमहरू आयोजना गरिएको थियो। ज्ञात रहोस सन् १९९८ मा कांग्रेसबाट अलग्गिएर टीएमसीको स्थापना भएको थियो ।

****** ० ******

**तृणमूल कंग्रेस  मिरिक**

तृणमूल कंग्रेस  मिरिक महकुमा समितिले बुधबार  पार्टीको स्थपना दिवस पालन गर्दै सम्पूर्णलाई  नयाँ बर्षको शुभकामना  दिएका छन। यस अवसरमा हिल्स तृणमूल कंग्रेस  चेयरम्यान  एलबी राई,मिरिक महकुमा अध्यक्ष  अनिल छेत्री ,युवा संयोजक विकास सुब्बा,पन्चायत  सदस्य  संगीत राई आदि पनि उपस्थित  थिए।

****** ० ******

**सद्भावना सम्मेलन-सतपाल**

मानव सेवा उत्थान समितिका संस्थापक सतपाल जी महाराजको उपस्थितिमा दुई दिने सद्भावना सम्मेलन आज सिलगढीमा भव्य रूपमा सम्पन्न हुन्दै छ। यस सम्मेलनमा सिक्किमका मुख्यमंत्री प्रेम सिंह तामंग गोलेको पनि विशेष उपस्थिति रह्यो। हिजो भएको सांस्कृतिक साँझमा मैन बति जलाई नयाँ वर्ष 2025 को भव्य स्वागत जनाइयो। यस अवसरमा सतपाल जी महाराज अनि प्रेम सिंह तामंगले हातमा बलेको मैनबती लिएर वर्ष 2025 पाहाडवासीए  भारतवाशी साथै विश्वका मानवहरूको जीवनमा प्रकाश ल्याओस भन्ने कामना पनि गरे। यस अवसरमा एक प्रेस वार्तालाई संबोधित गर्दै सतपाल महाराजले भन्नु भयो आज सामाजिक सद्भावना र एकता प्रेमको खाँचो छष यसैले मात्र मनवजातिको कल्यान सम्भव छ। भारतीय संस्कृति तथा भारतीय गर्शनमा यो कुरा अन्तरनीहित छ। भारतलाई सुनको चरा भनिन्थ्यो अब भारतलाई यो गौरव प्राप्त हुन सक्छ कि भन्ने पत्रकारको प्रश्नको जवाफ दिन्दै सतपाल माहारजले भन्नु भयो भारत एउटा प्राकृतिक सम्पदाले भरीपूर्ण देश हो। यहाँ खनीन पदार्थहरू देखि सुन युरेनियम तेलको भण्डार छ। आज देश सुरक्षित हातमा छ । भारतको विदेश नीति आज स्पष्ट छ। रूस युक्रेन युद्धमा अनेरिकाले रूसबाच भारतले तेल नकिनोस भन्ने दबाव बनायो तर भारत त्यस दबावमा झूकेन। ऊरतको हितलाई सर्वोपरी राखी रूसबाट सस्तो दाममा तेल किन्यो। यसैले भारतको विदेश नीति स्पष्ट रहेको बुझिन्छ। उहाँले सौर्य उर्जाको वकालत गर्दै घरको छाना वा छतमा सौर्य उर्जा तथा घरमा एलइडी बल्पको प्रयोग गरि हामीले धेरै मात्रामा ऊर्जाको बचत गर्न सक्छौं भन्नु भयो । उहाँले मानिसहरूसित सौर्य ऊर्जाको प्रयोग गर्ने आह्वान पनि गर्नु भयो।

****** ० ******

**सुकुना गोरखा मेला र सांस्कृतिक साँझ**

–

सुकनामा चलि रहेको गोरखा मेलामा हिजो साँझ भव्य रूपमा सांस्कृतिक कार्यक्रमको आयोजना गरि नयाँ साल 2025 को न्यानो स्वागत गरियो। नेपाली जगतका चर्चित गायक अनमोल गुरूंगको रंगारंग गायनले स्रोताहरू मंत्रमुग्ध देखिए। हजारों को संख्यामा भेला भएका जनसमूहले यस गोरखा मेलामा नेपाली संस्कृतिका सुन्दर झलकहरूको आनन्द लिए। स्मरण रहोस विगत 25 दिसम्बर 2024 देखि सुकना खेल मैदानमा गोरखा मेलाको आयोजना गरिएको छ जसको उद्घाटन गोरखाल्याण्ड क्षेत्रिय प्रशानका प्रमुख कार्यपाल अनित थापाले गरेका थिए। यस मेलामा नेपाली कला-संस्कृति र कौशलहरूको संरक्षण संवर्धन गर्न 56 वटा स्टालहरू लगाइएका छन्ए जसमा नेपाली ब्यंजनहरू, परिकारहरू, हस्तकला. हस्तशिल्प तथा पाहडका उत्पादहरू बिक्रिका लागि राखिएका छन्। जसमा गोरखे अचार देखि गोरखे पोशाक र चीया आदि सामेल छन्। नेपालका कैयन उत्पादहरू जस्तै पुष्टकारी आदिको पनि बिक्रि यस मेलामा गरिन्दै छ। यो मेला आज अपरान्ह सम्पन्न भएको आयोजक वर्गले जानकारी गराएका छन्। आयोजक समूहले यहाँ हप्तामा एक दिन गोरखे हाट लगाउने अठोठ पनि गरेका छन् तथा यसका लागि स्टल लगाउन चाहने मानिसहरूबाट आवेदन गर्ने आह्वान पनि गरेका छन्। स्मरण रहोस केहि वर्ष देखि गोरखा परिकारए खान पानए सरसामान, कृषि उत्पाद र अन्य पाहाड़ी कला कौशलको किन बेचका लागि कालेबुंगए खरसांगए मिरिकए सिलगढ़ीमा गोरखे हाट सप्ताहमा एक दिन लगाइन्दै गरिएको छ। जसमा बढी संख्यामा मानिसहरूले चासो दिएको देखिन्छ। यसमा बस्तीका ताजा फल-फूल, साग-सब्जी, हस्तशिल्प, कला-कृति, आचार -बेसार, दाल आदि किन्न मनिसहरू यी साप्ताहिक बजारहरूमा आउने गर्द छन्।

****** ० ******

**जिटिए क्षेत्रमा नयाँ बर्ष**

जिटिए क्षेत्रका आम मानिसहरुले पनि नयाँ बर्षलाई भव्य स्वागत गर्नको निम्ति बिभिन्न मनोरन्जनत्मक आयोजनहरुमा अंशग्रहण गरे। साधारण त क्षेत्रमा यातायात चलाचलमा व्यापक कमी देखियो भने क्षेत्रको पर्यटकीय स्थलहरुमा भीड लागेको थियो। सर्भिस ट्याक्सीहरुको अभावका कारण पहाड घुम्न चहाने पर्यटकहरुले भारी असुविधाको सामना गर्न परयो। मौसम सफा रहेको कारण पनि आम मानिसहरुको उत्साहमा कमी देखिएन। हिजो रातीदेखि नै शुरु भएको नयाँ बर्षको उत्सव आज दिनभरि नै रहयो। दार्जीलिङ, कालेबुङ, खर्साङ अनि अन्य क्षेत्रमा अवस्थित पर्यटकीय स्थल अनि बनभोज स्थलहरुमा बिहानै देखि चहलपहल देखिएको थियो।

****** ० ******

**नयावर्ष–मंदिरभक्तजन**

दार्जीलिंग पहाड लगायत सिलिगुडीका मन्दिरहरुमा नयाँ वर्षको पहिलो दिन भक्तजनहरुको भीडरहेको थियो। नयाँ वर्षको पहिलो दिन आज बिहानै देखि मन्दिरहरुमा मा भक्तजनको भीड लाग्न थालेको थियो । वर्षको पहिलो दिन दार्जीलिंग को महाकाल धाम, सिन्चेल धाम, खरसांगको प्रसिद्ध अम्बोटेशिव धाम गिद्धेको देवी मन्दिर लगायत अन्य धार्मिक स्थलहरुमा भक्तजनहरुको घुइचो देखियो| यसै गरि सिलिगुडी, आनन्दमयी कालीबारी लगायत विभिन्न मन्दिरमा भक्तजनको भीड लागेको थियो । वास्तवमा, मानिसहरू वर्षको पहिलो दिन विभिन्न तरिकाले मनाउँछन्। कोही परिवारसँग बाहिर जान्छन्, कोही पिकनिकमा रमाउँछन् । धेरै मानिसहरु नयाँ वर्षको सुरुवात मन्दिरमा पूजाआजा गरि इश्वरको आसिर्बाद प्राप्त गरेर गर्छन् ।

****** ० ******

**उत्तर बंगाल**

उत्तर बंगालका अन्य जिल्ला जस्तै दार्जीलिङ र कालेबुङले नयाँ वर्षको सुरुवात कठ्याङ्ग्रिने जाड़ोसँग गरेका छन्। यहाँ न्यूनतम तापक्रम ७.८ डिग्री सेल्सियसमा झरेको छए जबकि दिउँसोको तापक्रम १५ डिग्री सेल्सियसभन्दा माथि पुगेको छैन। चिसो हावा र जाड़ोको प्रभावले जनजीवन प्रभावित बनाएको छ। जलपाईगुड़ी र अलिपुरद्वारमा पनि बिहान कुहिरो अनि चिसो हावाका कारण मानिसहरू न्यानो कपडा लगाउन बाध्य भएका छन्। यी क्षेत्रमा रातको तापक्रम १०.१२ डिग्री सेल्सियस अनि

दिनको तापक्रम २०.२२ डिग्री सेल्सियसबीच रहेको छ। नयाँ वर्षमा कोलकातामा बितेको २४ घण्टामा न्यूनतम तापमान १४ण्२ डिग्री सेल्सियस दर्ता गरियो जुन सामान्य स्तर हो। अधिकतम तापमान २२ण्६ डिग्री सेल्सियस रह्यो सामान्यभन्दा २ण्८ डिग्री कम हो। मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा आज जारी बयान अनुसार आगामी २४ घण्टामा कोलकातामा आकाश मुख्य रूपमा सफा रहनेछ अनि बिहान हल्का कुहिरो लाग्न सक्नेछ।

****** ० ******